(च) इटहरी उप महानगरपालिका क्षेत्र भित्र ५ धुर भन्दा कम जग्गामा घरनक्सा पास गर्दा नगर कार्यपालिका वैठक बाट स्वीकृत लिनुपर्नेमा सेवाग्राहीको काम काज छिटो छरितो तरिका बाट गर्नका लागी ५ धुर भन्दा कम जग्गामा मापदण्ड पुरागरी घरनक्सा पासका लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृत को सिफारिसमा नगर प्रमुख को निर्णयमा घरनक्सा पास गर्नका लागि अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-९**

एस.ओ.एस. वालग्राम इटहरीले मिति २०७४ साल श्रावण २७ र २८ गतेको भिषण बर्षाको कारणले आएको बाढीबाट हुन गएको धनजनको क्षति पुर्‍याएका इटहरी वडा नं. ४,९ र १० को बाढी पिडित परिवारलाई सहयोग गर्न अनुमति तथा समयावधि थप गरि पाउँ भनी माग भई आए अनुसार उल्लेखित वडाहरुमा बाढी पिडित परिवारहरुलाई सहयोग कार्यक्रम संचालन गर्नका लागि अनुमति प्रदान गरी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इटहरी उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा अन्य कार्यालयबाट रमना लिई हाजिर हुन आएका स्थायी कर्मचारीहरुलाई हाजिर भएकै मिति देखि लागु हुने गरी स्थानीय कर्मचारीहरुले पाए सरह मासिक रु. ४०००।- (चार हजार) खाजा खर्च वापतको भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

इटहरी उप-महानगरपालिकामा विगत बर्ष देखि नै कानुनी सल्लाहकारको रुपमा २०७४ श्रावण महिना देखि नै काम गरी आउनु भएका कानुनी सल्लाहाकार श्री शारदा प्रसाद अधिकारीलाई अधिकृत स्तर (छैटौं) तहको सेवा सुविधा पाउने गरी कानुनी सल्लाहकारको रुपमा २०७५ असार मसान्त सम्मको लागि नियुक्ती गरी कामकाज गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

इटहरी उप-महानगरपालिकाको पशु सेवा उपकेन्द्र, कृषि सेवा उप केन्द्र इटहरी ५ स्थित ज्योती माध्यमिक विद्यालयको प्राङ्गण भित्र संचालन भईरहेकोमा विद्यालयबाट पठन पाठनमा समेत अवरोध भएको भनी भवन एवम् जग्गा विद्यालयलाई उपलब्ध गराउन भनी वडा कार्यालय मार्फत सिफारीस भई आए अनुसार हाललाई सो स्थानमा रहेको सेवा केन्द्रहरु इटहरी उप-महानगरपालिको वडा नं. १७ मा रहेको वडा कार्यालय परिसरमा रहेको स्वास्थ्य भवनमा लाने र तत्कालको लागि जग्गा र भवन विद्यालयलाई प्रयोग गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

(क) चालु आ.ब को नगर सभाबाट बार्षिक बजेट योजना तथा कार्यक्रम अनुसार तपसिलमा उल्लेखित योजनाहरुलाई वडा समितिको निर्णय र वडा कार्यालयको सिफारीसमा योजना परिवर्तन गरी संचालन गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

(ख) इटहरी उप-महानगरपालिका क्षेत्रभित्रका तपसिल अनुसारका योजनाहरु चालु आ.ब. मा नै संचालन गर्नु पर्ने भएको हुँदा देहाय बमोजिमको शिर्षकबाट रकम बिनियोजन गरी चालु आ.ब.मा नै योजना संचालन गर्ने निर्णय गरियो ।

१. दिपेन्द्र मार्ग ड्रेन निर्माण इटहरी १ रु. २,००,०००।- (दुई लाख) (डिपिआर शिर्षकबाट रकम मिलान गर्ने)

२. डुमटोकाको पुरनटोलिया बाटो ग्राभेल इटहरी १० रु. १,५०,०००।- (एक लाख पचास हजार) (सडक ग्राभेल शिर्षकबाट रकम बिनियोजन गर्ने)

३. नारायण गोपाल टोलको जलेश्वर महादेव मन्दिर संरक्षण इटहरी ४ रु. ५,००,०००।- (पाँच लाख) ( नदि नियन्त्रण कार्यक्रमबाट रकम बिनियोजन गर्ने)

इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.-१, सुनसरी, नेपाल
स्था. २०७३

नि० प्रमुख प्रशासकीय अधिकृत